नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# विद्युत नियमन आयोगको सदस्य नियुक्ति सिफारिस समितिको

## सूचना

सूचना प्रकाशित मिति : २०७८।०९।०१ गते

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ५ बमोजिम विद्युत नियमन आयोगको रिक्त एक सदस्य पदमा नियुक्तिका लागि सोही दफामा तोकिए बमोजिम आवश्यक न्यूनतम योग्यता र अनुभव भएका इच्छुक उम्मेदवारहरूबाट मिति २०७८।०६।२१ मा सूचना प्रकाशन गरिएकोमा ४ जना उम्मेदवारहरूको आवेदन प्राप्त भएकोमा २ जनाको अनुभवको अवधि नपुगेको र बाँकी २ जना उम्मेदवारले पेश गरेको कार्ययोजना मूल्याङ्कन गर्दा तोकिए बमोजिम नरहेको हुँदा आवेदन दिएका कुनै पनि उम्मेदवारहरू सिफारिस हुन नसकेकोले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र उक्त ऐनको दफा ७ को उपदफा (१) बमोजिम गठित सिफारिस समिति समक्ष तपसिल बमोजिमका कागजात तथा विवरणसहित आवेदन पेश गर्न पुनः यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-१ बमोजिमको आवेदन (आवेदन साथ व्यक्तिगत विवरण, नोटरी पब्लिकबाट प्रमाणित शैक्षिक योग्यताका प्रति र कार्य अनुभवसम्बन्धी कागजात),

२. विद्युत नियमन आयोग नियमावली, २०७५ को अनुसूची-२ बमोजिमको स्वघोषणा,

३. कार्ययोजनाको ढाँचा र यससम्बन्धी थप जानकारी सिफारिस समितिको सचिवालयबाट प्राप्त गर्न सकिनेछ।

**द्रष्टव्य**

१. यो सूचना बमोजिमको आवेदन तथा सम्बद्ध कागजातहरू ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा रहेको सिफारिस समितिको सचिवालयमा पेस गर्नु पर्नेछ।

२. आवेदन साथ आवश्यक कागजात तथा विवरण संलग्न नभएमा उक्त आवेदनलाई मूल्याङ्कनमा समावेश गरिने छैन र सूचनाको म्याद समाप्त भएपश्चात् कुनै पनि कागजात वा विवरण स्वीकार गरिने छैन।

३. आवेदन पेश गरेका उम्मेदवारहरूमध्ये कार्ययोजनाको मूल्याङ्कनबाट छनौट भई संक्षिप्त सूचीमा परेका उम्मेदवारहरूलाई कार्ययोजना प्रस्तुतिका लागि इमेल वा एसएमएस वा टेलिफोनबाट सूचित गरिनेछ।